# जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना (DCRL)

# गुनासो व्यवस्थापन प्रणाली (GRM)

## परिचय

आयोजना सँग सम्बन्धित सरोकारवालाबाट आएका गुनासाहरू व्यवस्थापन गर्ने र परियोजनासँग सम्बन्धित सामाजिक तथा वातावरणीय जोखिमलाई न्युनिकरण गर्ने प्रक्रिया ।

## गुनासोकर्ता

आयोजना क्षेत्रका सरोकारवाला, स्थानीय समुदाय वा अन्य निकायहरु ।

## गुनासो गर्ने विधी

लिखित, मौखिक, टेलिफोन, तथा अन्य उपयुक्त माध्यम ।

## उद्देस्य

- सरोकारवालाको आवाज सुनुवाइ गराउन,
- आयोजनाबाट उत्पन्न भएका अनपेक्षित प्रभावलाई सम्बोधन गर्न,
- प्रभावित पक्षहरुको अधिकारहरुको सम्मान गर्न,
- विश्वास र पारदर्शिता बढाउन,
- जवाफदेहिता सुनिश्चित कायम गर्न ।

## गुनासो सुनुवाइको माध्यम

१. कार्यक्षेत्रमा कार्यरत आयोजनाका कर्मचारी द्वारा
२. वेबसाइट: https://dcrl.dofsc.gov.np/dcrl-project-grievance-mechanism
३. इमेल: info.dcrl@dofsc.gov.np
४. फोन: 977-1-5320828

# गुनासो व्यवस्थापन प्रकृया

## १. गुनासो पेश

आयोजनाको वेबसाइट, इमेल, फोनमार्फत, वा प्रत्यक्ष रूपमा आयोजना कार्यालयहरूमा गुनासो उजुरी गर्न सकिनेछ ।

उजुरीकर्ताहरुसँग गोपनीयताका लागि अनुरोध गर्ने विकल्प रहेको छ ।

## २. गुनासो प्राप्त गरेको जानकारी

उजुरीकर्तालाई गुनासो दर्ता गरेको दुई दिन भित्र सम्बन्धित गुनासो दर्ता सम्बन्धि पत्राचार गरिनेछ ।

## ३. मूल्याङ्कन

गुनासोहरू गुनासो व्यवस्थापन प्रणाली सँग सम्बन्धित छ कि छैन भनेर मूल्यांकन गरिनेछ साथै गुनासाहरूलाई प्रकृति र प्राथमिकताको आधारमा वर्गीकरण गरिनेछ ।

## ४. अनुसन्धान

सम्बन्धित आयोजनाका कर्मचारीहरू र संलग्न पक्षहरूसँग परामर्श गरी गुनासको विस्तृत अनुसन्धान गरिनेछ ।

## ५. समाधानको प्रस्ताव

अनुसन्धानको निष्कर्षमा आधारित रहेर समाधानका उपायहरु प्रस्ताव गरिनेछ । उजुरीकर्तालाई प्रस्तावित समाधानहरुको जानकारी दिइनेछ र प्रतिक्रिया दिनको लागि समय प्रदान गरिनेछ ।

यदि उजुरीकर्ताले प्रस्तावित समाधान स्वीकार गरेमा सो मुद्दाको टुङ्गो लाग्नेछ ।

यदि उजुरीकर्ताले प्रस्तावित समाधान स्वीकार नगरेमा र मुद्दा बन्द गर्न असहमत भएमा, आयोजना प्रबन्धक द्वारा गुनासाहरूको स्थिति र प्रस्तावित समाधानहरूको समीक्षा गरिनेछ । आयोजना प्रबन्धकले थप समाधान प्रस्ताव गर्ने निर्णय गर्नेछ अथवा आवश्यक भएमा गुनासोहरु लाई आयोजना कार्यकारी बोर्डमा लैजाने निर्णय लिनेछ ।

## ६. अन्तिम निर्णय गर्ने संयन्त्र

गुनासोहरु माथि अन्तिम निर्णय परियोजना कार्यकारी बोर्ड ले दिनेछ ।

**आयोजना व्यवस्थापन इकाई**
जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
वन परिसर, बबरमहल, काठमाण्डौ
फोन: ९७७-१-५३२०८२८, ५३२०८५७

**आयोजना कार्यान्वयन इकाई**
जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
सिद्धिचरण नगरपालिका-१२, ओखलढुंगा
फोन: ९७७-०३७-५२०७५३